ज.प्र.का.म.द.नं.४८/०७३/०७४

❒ वर्ष ६, अंक १११
❒ १० माघ २०७९ मंगलबार
❒ 24 Jun. 2023, Tuesday
✹ www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान


# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# साक्षरता अभियानमा धनुषाका स्थानीय तहको बेवास्ता



**विजय साह**

**माघ ९ गते, ढल्केवर**

सरकारले २०७७ साल असार मसान्तभित्र साक्षर नेपाल वर्ष घोषणा गर्ने लक्ष्य लिएको थियो। लक्ष्यअनुसार देशभरका ७० जिल्लाका निरक्षरलाई साक्षर बनाउने अभियान सञ्चालन गरिएको थियो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका अनुसार ६१ वटा जिल्ला मात्र साक्षर घोषणा भएका छन्। धनुषा जिल्ला पनि साक्षर घोषणा हुन बाँकी छ। जिल्लामा १८ वटा स्थानीय तह छन् तर कुनै पनि स्थानीय तह साक्षर अभियान तथा कार्यक्रम सञ्चालन गर्न गम्भीर देखिएका छैनन्। जिल्ला तथा स्थानीय तहहरूमा निरक्षरको सङ्ख्या कति छ भन्ने तथ्याङ्क पनि कुनै निकायसँग छैन।

जिल्लामा मिथिला नगरपालिकाले मात्र निरक्षर तथा विद्यालयबाहिर रहेका बालबालिकाको विवरण सङ्कलन गरेको छ। त्यसबाहेक कुनै पनि स्थानीय तहले विवरण सङ्कलन गरेको पाइँदैन। तथ्याङ्कअनुसार मिथिला नगरपालिकामा आठ हजार ८७२ जना निरक्षर छन्। मिथिला नगरपालिकाको शिक्षा शाखाले निरक्षरहरूको पहिचान गर्न गरेको सर्वेक्षणबाट उक्त तथ्याङ्क देखिएको हो। शिक्षा शाखा प्रमुख सीता काफ्लेले विद्यालयबाहिर रहेका बालबालिका र निरक्षर व्यक्तिको विवरण सङ्कलन गरिएको बताउनुभयो। विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय फर्काएर टिकाउन र निरक्षर व्यक्तिलाई साक्षर बनाउन कार्यक्रम तर्जुमा गर्न सहजताका लागि विवरण सङ्कलन गरिएको उहाँले जानकारी दिनुभयो।

विवरणअनुसार पाँच वर्षदेखि १५ वर्ष उमेर समूहका २०३ जना बालबालिका विद्यालयबाहिर छन्। त्यस्तै १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरको सङ्ख्या आठ हजार ८७२ छ।

अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम र नगर साक्षरता अनियानअन्तर्गत दुई वर्षअघि नै विवरण सङ्कलन गरिएको भए पनि साक्षरता कार्यक्रम अगाडि बढ्न नसकेको शिक्षा शाखा प्रमुख काफ्लेले बताउनुभयो।

उहाँले भन्नुभयो, ‘मिथिला नगर पालिकालाई जिल्लाको पहिलो साक्षर पालिका घोषणा गराउने लक्ष्यका साथ कार्यक्रम अगाडि बढाएका थियौँ। यसका लागि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमातहत रहेको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सात लाख रुपियाँ बजेट पनि पठाएको थियो तर यसअघिका जनप्रतिनिधिले कार्यक्रम सञ्चालनका लागि स्थानीय तहबाट रकम थप नगरेपछि त्यो बजेट पनि फ्रिज भएर गयो।’ कार्यक्रम सञ्चालनका लागि स्थानीय तहले पनि रकम थप गर्नुपर्ने प्रावधान छ। स्रोत विकास केन्द्रले चालू आर्थिक वर्षमा पनि साक्षर कार्यक्रम सञ्चालनका लागि दुई लाख रुपियाँ बजेट पठाएको जानकारी दिँदै वर्तमान जनप्रतिनिधिसमक्ष पुनः प्रतिवेदन पेस गर्ने उहाँले बताउनुभयो।जिल्ला शिक्षा समन्वय एकाइ समिति धनुषाका प्रमुख युक्तप्रसाद शर्माले निरक्षर र विद्यालयबाहिर रहेका बालबालिकासम्बन्धी जिल्लाभरिको तथ्याङ्क नभएको बताउनुभयो।

उहाँले यस कार्यालयबाट यस किसिमको तथ्याङ्क सङ्कलन नगरेको र स्थानीय तहले पनि निरक्षरको सङ्ख्याबारे विवरण नपाठएको हुँदा जिल्लामा निरक्षरको सङ्ख्या यकिनसाथ भन्न नसकिने जानकारी दिनुभयो। उहाँले यस जिल्लामा अहिलेसम्म कुनै पनि स्थानीय तहले साक्षर कार्यक्रम गर्न लागेको बारे जानकारी नआएको बताउनुभयो। गणेश शिक्षा परिषद्का मधेश प्रदेश सचिव वज्रभूषण कुशवाहाले धनुषाका स्थानीय तह साक्षरता अभियानमा गम्भीर नदेखिएको बताउनुभयो।

विकास केन्द्रले तोकेको विभिन्न १२ वटा बुँदामध्ये महत्त्वपूर्ण सातवटा बुँदामा उल्लेख गरिएका विषयवस्तु पढ्न, लेख्न सिकाउन सके नागरिकलाई साक्षर बनाउन सकिन्छ। यसका लागि ठूलो बजेट पनि चाहिँदैन तर स्थानीय सरकारले विकास निर्माणमा धेरै बजेट छुट्याउने गरेको भए पनि साक्षरतालाई प्राथमिकतामा नराखेको सचिव यादवको भनाइ छ।

मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयले साक्षरतासम्बन्धी कुनै कार्यक्रम नै बनाएको छैन। योजना बनाउने र कार्यान्वयन गर्ने काम शिक्षा विकास निर्देशनालयको भएको मधेश प्रदेशको सामाजिक विकास मन्त्रालयका उपसचिव दिलीप ठाकुरले बताउनुभयो। मधेश प्रदेशमा १३६ मध्ये एउटा पनि स्थानीय तह साक्षर घोषणा भएका छैनन्।

# गृहमन्त्री लामिछानेको राजीनामा माग्दै

## जनकपुरधाममा प्रदर्शन र चक्काजाम



**दिपक कर्ण**

**माघ ९ गते, जनकपुर**

जनकपुरधामका दुई युवकको अपहरणपश्चात् भारतमा हत्या गरिएपछि मृतकका परिवारजन आन्दोलित भएका छन् । मृतकका परिवारजन र स्थानीयबासीले आइतबार जनकपुरधाम-९ पिडारी चोकमा प्रदर्शन गरि चक्काजाम गरेका हुन् ।

उनीहरुले प्रहरी प्रशासनको कमजोरी र लापरवाहीका कारण युवकद्वयको हत्या भएको भन्दै प्रदर्शन गरेका छन् । उनीहरुले जनकपुरधामका युवाद्वय विष्णु साह र रोहित साहको हत्या गरी फरार भएका हत्यारालाई अनुसन्धानको दायरामा ल्याई कडा कारवाही गर्न स्थानीय प्रशासनसँग माग गरेका छन् ।

पीडित परिवारले अपहरणकारीको फोन आउँदा आफूहरुले उसको कल रेकर्ड तुरुन्त प्रहरीलाई पठाउने गरेपनि अहिले प्रहरीले झुठो बोलेर घटनालाई मोड्न थालेको आरोप लगाएका छन् । प्रहरीले विष्णु र रोहितको अपहरणपश्चात् पनि खोजतलासमा कुनै सहयोग नगरेको परिवारजनको आरोप छ । परिवारजनको आग्रह अनुसार प्रहरीले घटनाको अनुसन्धान गरेको भए दुबैजनाको ज्यान जोगिने सम्भावना रहेको परिवारजनको भनाइ छ ।

उनीहरुले स्थानीय प्रशासनको लापरबाहीले हत्या भएको आरोप लगाउँदै गृहमन्त्री रवि लामिछानेको राजीनामाकोसमेत माग गरेका छन् । जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-८ बस्ने जगदिश साहका २२ वर्षीय छोरा रोहित साह र वडा नम्बर-१३ बस्ने रामबाबु साहका २५ वर्षीय छोरा विष्णु साहको हत्या गरिएको अवस्थामा आइतबार बिहान भारतको बिहार राज्यको परिहारस्थित पर्सा गाउँको पश्चिमतर्फको चौरमा शव फेला परेको थियो ।

दुईसाता अघि दुबैजना भारतको सितामढी जिल्लाको बेला परिहार बस्ने आफ्ना आफन्तको घर गएका थिए । त्यहाँबाट गत पुस २७ गते एकाएक बेपत्ता भएका दुबैजनाको परिवारलाई अपहरणकारीले गत सोमबारसम्म भारतीय नम्बरबाट फोन गरी ५० लाख रुपैयाँ फिरौती मागेको थियो ।

अपहरणकारीले विष्णुको आवाज रेर्कड गरेर उनका आफन्तलाई फोनबाट सुनाएका थिए । परिवारले अपहरणकारीलाई २० लाख दिन राजी भएका पनि थिए । अपहरणकारीले २० लाख रुपैयाँ लिएर सर्लाहीको मलंगवा नाका नजिक बोलाएपछि परिवारजनले प्रहरीलाई जानकारी गरायो । तर, गत मंगलवारदेखि अपहरणकारीको मोबाइलमा सम्पर्क हुन छोडेको थियो ।

यता, धनुषाका प्रहरी उपरीक्षक विश्वराज खड्काले अपहरणको जानकारी पश्चात भारतीय प्रहरीसँग समन्वय गरेर स्थानीय प्रशासन खोजतलासमा सक्रियपूर्वक लागेको जानकारी दिए ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# शिक्षा अभिवृद्धि आवश्यक

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नयाँ दलका नयाँ राजनीतिक व्यक्तित्व शिशिर खनाललाई मन्त्रीका रूपमा पाएको छ । खराब राजनीति, भ्रष्टाचार र गलत आचरणको कुनै पनि गन्ध नआएका व्यक्तिले शिक्षाजस्तो अति संवेदनशील मानिएको मन्त्रालयको जिम्मेवारी पाउनुलाई सुखद नै मान्नुपर्छ । साथसाथै राजकीय पदका लागि साह्रै नै नौलो व्यक्तित्वले पदको गरिमा धान्दै मन्त्रालयका पुराना जडलाई सही बाटोमा हिँडाउन त्यति सहज पनि मानिन्न ।

चाकडी, चाप्लुसी र तिकडमले जेलिएको राज्यसत्ताको प्रवृत्तिमा नवनियुक्त शिक्षामन्त्री नौला भए पनि शिक्षा क्षेत्रका समस्यामा पुरानो अनुभव छ । टिच फर नेपालका माध्यमबाट मुलुकको शिक्षामा जोडिएका शिक्षामन्त्रीको इच्छाशक्ति हुने हो भने समस्यै समस्याको चाँगमा अडिएको नेपालको शिक्षामा केही परिवर्तन ल्याउन त्यति कठिन पनि छैन । गैरसरकारी संस्थाका सञ्चालक भएर पर्याप्त अनुभव बटुलेका मन्त्रीलाई नेपालको प्रशासनिक जटिलताका बारमा पूर्णतः जानकारी नभएको पनि होइन । त्यसैले सरकारी काम कहिले जाला घाम भन्ने प्रवृत्तिलाई चिर्दै नयाँ आयाम दिन शिक्षामन्त्री सफल हुने विश्वास यो क्षेत्रमा सम्बद्धले गरेका छन् ।

खनाल पहिलो शिक्षामन्त्री होइनन् । यसभन्दा अघिका शिक्षामन्त्रीले पनि पदबहाली गर्दा उत्साहप्रद कुरा गर्ने र पछि गएर कार्यान्वयनका हिसाबले निराशामा बदल्ने गरको इतिहास सबैका अगाडि छ । वि.सं. २०२८ को शिक्षा नीतिमा आजसम्म पनि गणतान्त्रिक सङ्घीयतासँग मिल्दोजुल्दो संशोधन गर्न नसक्नु सबैको असफलता मानिएको छ । त्यसबाहेकका जल्दाबल्दा समस्याको बारेमा त कुरै गर्न परेन । सम्पूर्ण नेपाली आजसम्म पनि साक्षर हुन नसकेको वर्तमानले विगतमा गठन भएका सरकार र शिक्षामन्त्रीलाई गिज्याइरहेकै छ ।अरू मन्त्रीले जस्तो खनालले व्यापक सुधार गर्छु भनेर बोलेका छैनन् । अनावश्यक निर्देशनको भारी कर्मचारीलाई बोकाएका छैनन् । सात दिनभित्रमा कार्ययोजना ल्याउने प्रतिबद्धता जाहेर गरेका छन् । युवा जोश र विज्ञता भएका मन्त्रीले नबोली नबोली केही गर्छन् कि भन्ने आशा पलाएको छ । कोही मन्त्री बोलेर नगर्ने हुन्छन् भने कोही मन्त्री बोल्नभन्दा काम गर्न रुचाउँछन् । आफ्ना अन्धा बाबुआमालाई झोलुङ्गामा बोकेर तीर्थयात्रा गराउने श्रवणकुमारको कथा पढाउन छाडेको जुग भइसकेको छ । मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भवजस्ता कुरा पाठ्यक्रमबाट हटाएका कारण सन्ततिको आमाबाबुप्रतिको सम्मान हराउँदै गएको अनुभव सबैलाई छँदैछ ।

# राष्ट्रपतिमा साझा उम्मेदवार खोज्ने प्रचण्डको प्रयास, मान्ला एमाले?

**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, काठमाडौं**

सत्ताको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्र साझा व्यक्तिलाई देशको राष्ट्रपति बनाउनुपर्ने निष्कर्षमा पुगेको छ। प्रधानमन्त्री तथा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई सो पार्टीका नेताहरुले राष्ट्रपति चयन गर्दा तीन वटा कुरामा ध्यान दिन सुझाव दिएका छन्।

'साझा र सबैलाई स्वीकार हुने व्यक्ति, आलंकारिक पदको गरिमा बुझेको व्यक्ति र दलगत राजनीतिबाट माथि उठेको संविधान र लोकतन्त्रको रक्षामा कटिबद्ध रहेको व्यक्ति अबको राष्ट्रपति बनाउनुपर्ने हाम्रो ठहर छ,' माओवादीका एक पदाधिकारीले नेपालखबरसँग भने।

पहिलो पटक सरकारको नेतृत्व गरेको बेला राष्ट्रपतिकै कारण सत्ता गुमाउनुपरेको नजिरबारे आफूहरुले प्रचण्डको ध्यानाकर्षण गराएको ती पदाधिकारीले बताए।

'हिजो मुलुकको पहिलो राष्ट्रपतिले प्रधानमन्त्रीको निर्णय कार्यान्वयन नगर्दा नागरिक सर्वोच्चताको नारा लगाउँदै सडकमा उत्रिनुपरेको थियो,' अर्का पदाधिकारीले भने, 'यसपटक पनि शीतलनिवासले नागरिकता विधेयक रोकिदियो, केही विषयमा राजनीति भयो, पार्टी र स्वार्थअनुसार चल्यो, अब यस्तो भएमा लोकतन्त्र र संविधान धरापमा पर्छ।'

माओवादीको १२ माघमा स्थायी समिति बैठक बोलाइएको छ। बैठकको एउटा एजेन्डामा राष्ट्रपतिको चुनाव पनि छ।

'राष्ट्रिय सहमति बनाएर राष्ट्रपतिको निर्वाचन गरौं भनेर प्रधानमन्त्रीले गर्नुभएको प्रस्ताव एमाले मानिरहेको छैन,' माओवादी केन्द्रका कोषाध्यक्ष एवं कार्यालयका मुख्य सचिव श्रीराम ढकालले भने, 'दलहरुबीच समझदारी हुँदा पात्रबारे निर्णय गर्न समस्या हुँदैन।'

सत्ता समीकरण बनाउँदा १० पुस र मन्त्रिमण्डल विस्तारमा सहमति जुटाउन २ माघमा एमाले अध्यक्ष केपी शर्मा ओलीसँग राष्ट्रपति एमालेलाई दिने सहमति जुटेको बताइएको थियो। सोही समझदारी अनुसार एमालेले आफ्नो भागमा परेको राष्ट्रपतिमा उठाउने उम्मेदवारबारे छलफल गरिरहेको छ।

तर, प्रधानमन्त्रीनिकट एक नेताका अनुसार अहिलेसम्म कुन दललाई राष्ट्रपति दिने कुनै सहमति भइसकेको छैन।

'कुनै दललाई पनि राष्ट्रपति दिने कुनै लिखित सहमति भएको छैन, समझदारी र सहमति फरक कुरा हुन्,' ती नेताले नेपालखबरसँग भने। सभामुख जितेको एमालेलाई राष्ट्रपति पनि दिने कुराले शक्ति असन्तुलन हुने माओवादीका नेताहरुको विश्लेषण छ। त्यसमाथि विगतमा झेल्नुपरेको अप्ठेरोले माओवादी झस्केको छ। प्रचण्ड स्वयं भोलि झेल्नुपर्ने खतराबारे जानकार छन्।

'त्यही भएर राष्ट्रपतिमा साझा व्यक्तिको खोजी गर्ने र राष्ट्रिय सहमति जुटाउने प्रयासमा प्रधानमन्त्री लाग्नुभएको छ,' बालुवाटारनिकट स्रोतले भन्यो, 'कुनै दलको प्रतिनिधित्व भन्ने हुँदैन, सबैले स्वीकार गर्ने, लोकतन्त्र, संविधान पालना गर्ने कसैको पक्षधरता नलिने व्यक्तिलाई सपोर्ट गर्न सकिन्छ।'

पहिलो संविधान सभाको चुनावबाट (२८ चैत २०६४) एकीकृत माओवादी सबैभन्दा ठूलो दल बन्यो। ३१ साउन ०६५ मा गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री प्रचण्ड बने। रक्षामन्त्रीले दिएको निर्देशन पालना नगरेको भन्दै प्रधानसेनापतिसँग विवाद भयो। सोही विवादले २० वैशाख २०६६ मा प्रधानसेनापति रुकमाङ्गत कटुवाललाई बर्खास्त गर्ने निर्णय गरी मन्त्रिपरिषदले राष्ट्रपति कार्यालय पठायो।

तर, राष्ट्रपति डा.रामवरण यादवले कार्यकारी सरकारको निर्णय उल्टाइदिए। अर्थात् कटुवाललाई हटाउने निर्णय मध्यराति खारेज गरेर थमौती गरिदिएका थिए। आलंकारिक राष्ट्रपतिले कार्यकारी प्रधानमन्त्रीको निर्णय उल्ट्याएको



भन्दै २१ वैशाख २०६६ मा प्रचण्डले प्रधानमन्त्रीबाट राजीनामा दिए।

'त्यसबेला राष्ट्रपतिले गरेको संवैधानिक गल्ती र शक्तिको दुरुपयोगले प्रधानमन्त्रीलाई नराम्ररी झस्काएको छ,' प्रचण्डका एक स्वकीय सचिवले नेपालखबरसँग भने, 'त्यसबेला राष्ट्रपतिको ब्लन्डरले अहिलेसम्म मुलुकले दुःख पाएको छ, त्यही नजिरले अहिले विधेयक अड्काउने, राजनीतिक निर्णय गर्ने काम शीतलनिवासबाट भइरहेको छ, अब यस्तो अवस्था सिर्जना नहोस्, कानुनी शासनलाई सबैले पालना गर्नुपर्छ।'

एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) राप्रपा, जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी लगायतका दलको समर्थनमा प्रचण्ड यसपटक पनि प्रधानमन्त्री छन्। एमालेका देवराज घिमिरे सभामुख र रास्वपाबाट इन्दिरा रानामगर उपसभामुख निर्वाचित भइसकेका छन्।

अब राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव हुँदैछ। डेढ महिनाभित्र चुनिने राष्ट्रपतिमा मुख्य दाबी एमालेको छ।

'राष्ट्रिय सहमति बनाउने कोसिस भइरहेको छ, चुनावको दिनसम्म एउटा नतिजा दिन पनि सकिन्छ भन्ने बुझाइ प्रधानमन्त्रीको छ,' ती स्वकीय सचिवले थपे।

एमालेका एक स्थायी कमिटी सदस्यले राष्ट्रपति चुनावअगाडि नै माओवादीसँग सहमति हुने बताए। 'अहिले राष्ट्रपति उम्मेदवारमा हाम्रा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलजी, उपाध्यक्ष सुवास नेम्वाङजीको चर्चा बढी छ,' ओलीनिकट ती नेताले भने, 'तर, प्रधानमन्त्री प्रचण्डजीसँग समझदारी गर्दा बाहिरबाट ल्याउनुपर्ने हुनसक्छ।'

'हाम्रो अध्यक्षले अस्ति (५ माघ) संसद् बैठकबाट बाहिरिँदै पनि प्रष्ट भन्नुभएको छ, राष्ट्रपतिमा एमालेले अघि सारेको उम्मेदवारको विषयमा सहमति बनाउन सकिन्छ,' उनले थपे।

२६ पुसमा विश्वासको मत दिएर गुन लगाइसकेकाले कांग्रेसले पनि स्वीकार गर्ने व्यक्तिमा साझा सहमति जुटाउन प्रचण्डले अझै प्रयास राख्ने नेताहरुलाई बताएका छन्।

'मेरो अन्तिम प्रयास सहमति जुटाउने हुन्छ, सहमति जुटाएरै राष्ट्रपति चयन भन्ने विश्वास छ,' प्रचण्डका स्वकीय सचिवले उधृत गरे।

नेपाली कांग्रेसले प्रधानमन्त्रीको असली परीक्षा राष्ट्रपति चुनावमा देखिने भन्दै समयसीमा नै दिएको छ।

साढे २ वर्ष प्रधानमन्त्री बन्ने अवसर पाएका उनी सत्ता साझेदार दल एमाले र कांग्रेस दुवैको चित्त बुझाउनेगरी राष्ट्रपति उम्मेदवार खोज्न लागिपरेका छन्।

'उम्मेदवारी मनोनयनको अघिल्लो रातिदेखि उम्मेदवारी दिने दिनको केही घण्टाअगाडि पनि सहमति हुन्छ, मुख्य कुरा साझा व्यक्ति छनोटमा हो,' माओवादीका ती पदाधिकारीले भने।

**मादक पदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।**
**दुर्घटनाबाट आफू पनि बचौं अरुलाई पनि बचाऔ ।**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |


### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सांसद लक्ष्मी महतो र भ्रष्टाचार मुद्दाका मुरारकासहित ६ जनाको विभूषण रद्द





**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, काठमाडौं**

सरकारले सुरक्षाकर्मी हत्या अभियोगमा फरार सांसद लक्ष्मी महतो कोइरी र भ्रष्टाचार मुद्दा चलिरहेका उद्योगी पशुपति मुरारकासहित ६ जनाको विभूषण रद्द गरेको छ । मन्त्रिपरिषद्को गत साता बसेको बैठकले उनीहरूको विभूषण रद्दको निर्णय गरेको हो । मन्त्रिपरिषद्को निर्णय अनुसार विभूषण रद्द भएकाहरूको नाम राष्ट्रपति कार्यालय पठाउन लागिएको गृहमन्त्रालय स्रोतले जानकारी दियो । विभूषण रद्द भएका अन्यमा व्यापारी चिराग गोयल, शिक्षकहरु हरिप्रसाद कँडेल, यामबहादुर श्रेष्ठ र कर्मचारी शेर बहादुर श्रेष्ठ छन् । भष्ट्राचार र विवादमा रहेका व्यक्तिहरुलाई विभूषण दिने निर्णय भएको भन्दै आलोचना भएपछि पूर्ववर्ति शेरबहादुर देउवा सरकारले गर`को विभूषण दिने सूचीमा रहेका विवादित व्यक्तिको नाम रद्द गरिएको हो ।

उद्योगी मुरारकामाथि खानी दोहनको अभियोगमा बिगो, कैद र जरिवाना असुलको मागदाबीसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालतमा मुद्दा छ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष मुरारकाविरुद्ध अख्तियारले २०७८ माघ १२ मा विशेष अदालतमा ४९ करोड ४५ लाख ५१ हजार ६ सय ४५ रुपैयाँ बिगो र २ वर्ष कैद मागदाबीसहित मुद्दा दायर गरेको थियो । मुद्दाको किनारा नलाग्दै मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट मुरारकालाई 'सुकीर्तिमय राष्ट्रदीप' विभूषण घोषणा गरिएको थियो ।

विभूषणका लागि जिल्ला प्रशासनबाट सिफारिस भएर आएका नाममा गृह मन्त्रालयले विवादित पृष्ठभूमि भए/नभएकामा दोहोरो प्रमाणीकरण गर्ने अभ्यास छ । महोत्तरी प्रशासनले भने महतोको पृष्ठभूमि विवादित भएको जानकारी गृहलाई गराएन्। त्यसपछि मन्त्रिपरिषद्ले उनको नामसहित विभूषित हुनेको सूची अनुमोदन गरेर राष्ट्रपति कार्यालय पठाएको थियो । त्यही सूची सदर गर्दै राष्ट्रपति कार्यालयले उनको नाम अनुमोदन गरेको हो ।

संविधान दिवसको दिन पारेर सोमबार सरकारले ९ सय ९८ जनालाई विभिन्न किसिमका विभूषण घोषणा गरेको छ, जसअनुसार १७ जनाले 'सुकीर्तिमय राष्ट्रदीप' पाउने उल्लेख थियो। यो सूचीको दसौं नम्बरमा मुरारकाको नाम थियो । उनी खानी उद्योग सिद्धार्थ मिनिरल्सका सञ्चालक हुन् ।'प्रबल जनसेवाश्री' बाट विभूषित हुने ३ सय १२ जनामध्ये सांसद कोइरीको नाम १० औं नम्बरमा छ।

हरेक वर्ष संविधान दिवसमा विभूषण घोषणा गरेर नेपाली नयाँ वर्ष (वैशाख १) राष्ट्रपतिबाट वितरण गर्ने चलन छ। यो पटक विभूषण पाउनेको सूचीमा कालोबजारी र ठगी आरोपमा प्रशासन र प्रहरी अनुसन्धानमा तानिएका व्यक्ति पनि अटाएका छन्। विगतमा विभूषण बहिष्कार गर्ने केही कलाकार पनि सूचीमा छन्।

सात वर्षअघि मधेसमा चर्केको सरकारविरोधी प्रदर्शनमा असई विक आन्दोलनकारीबाट मारिएका थिए। महतोलाई योजनाकारका रूपमा प्रहरीले किटान गरेको छ। घटनापछि फरार उनी वारेसबाट मनोनयन दर्ता गराएर मंसिर ४ मा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी-१ बाट विजयी भएका छन्। आफैं उपस्थित हुँदा पक्राउ पर्ने डरले वारेसमार्फत उम्मेदवारी दिएका उनले निकटतम प्रतिद्वन्द्वी माओवादीका गिरिराजमणि पोखरेललाई पराजित गरेका हुन्। उनी प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिन गत पुस २६ गते प्रतिनिधिसभामा उपस्थित भएका थिए। फरार सूचीमा रहेका उनलाई प्रतिनिधिसभामा उपस्थित हुँदा पनि पक्राउ गरिएको छैन ।

महतोलाई विभूषण दिलाउन जनता समाजवादी पार्टीको पनि जोडबल रहेको थियो । त्यसबेलासम्म उनी जसपामै थिए । असोज २७ सम्म उनको दल जसपा सरकारमै थियो । गत चुनावमा कांग्रेस-माओवादी गठबन्धनसँग सहमति नजुटेपछि जसपाका मन्त्री असोज २७ मा बर्खास्तीमा परेका थिए। त्यसपछि एमालेसँग सम्पर्कमा पुगेका महतो टिकट पाउने सुनिश्चित गरेर मनोनयनको अघिल्लो दिन जसपाबाट अलग भएर एमाले छिरेका थिए ।


थमन विकको हत्यासम्बन्धी मुद्दामा महतोलाई जिल्ला अदालत महोत्तरीले २०७६ असोज २ मा १ लाख धरौटीमा छाड्न आदेश दिएको थियो । त्यसविरुद्ध सरकारी वकिलले उच्च अदालत जनकपुरमा पुनरावेदन गऱ्यो । धरौटीमा छाड्ने जिल्लाको आदेश उल्ट्याउँदै उच्चले पक्राउ गरी थुनामा पठाउन आदेश दिएको थियो। तर, उच्चको आदेश तीन वर्षसम्म पनि कार्यान्वयन भएको छैन। महतो खुलेआम सार्वजनिक कार्यक्रममा सहभागी हुँदै आएका छन्। सांसद निर्वाचित प्रमाणपत्र वारेसमार्फत बुझेपछि आयोजित विजयी ऱ्याली/जुलुसमा महतो सहभागी भए पनि प्रहरीले पक्राउ गरेन।

जिल्ला न्यायाधीश श्यामसुन्दर अधिकारीको इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६८ र ७२ बमोजिम १ लाख धरौटीमा छाड्न आदेश दिएको थियो। ड्युटीमा रहेका सुरक्षाकर्मीलाई घाइते अवस्थामा अस्पताल लैजाँदै गर्दा एम्बुलेन्सबाट थुतेर हत्या गरेको जस्तो गम्भीर अभियोग लागेका व्यक्तिलाई धरौटीमा छाड्ने न्यायाधीश अधिकारीको आदेश त्यतिबेलै विवादित बनेको थियो ।

विभूषण रद्द भएका व्यापारी गोयललाई प्रवल जनसेवाश्री दिने घोषणा गरिएको थियो । उनले अघिल्लो वर्ष जनसेवाश्री पदक पाइसकेकोले उनी यसवर्ष अर्को पदक पाउने योग्यताभित्र नपरेका कारण रद्द गरिएको हो । एउटा पदक पाएको दुइवर्ष पुरा नहुँदै अर्को पदक दिन नमिल्ने व्यवस्था छ ।

विभूषण रद्द भएका हरिप्रसाद कँडेल । भिमोदय नमूना मावी चितवनका शिक्षक हुन् । भ्रष्टाचार आरोपमा अख्तियार अनुसन्धानको दायरामा छन् । उनलाई प्रवल जनसेवाश्री दिने घोषणा गरिएको थियो । त्यस्तै यामबहादुर श्रेष्ठ जननमुना माबी सुर्खेतको शिक्षक हन् । उनी पनि भ्रष्टाचार आरोपमा अनुसन्धानको दायरामा छन् । उनलाई पनि प्रवल जनसेवाश्री दिने घोषणा गरिएको थियो । प्रवल जनसेवाश्री पाउने सूचीमा रहेका कर्मचारी शेरबहादुर श्रेष्ठको पनि रद्द गरिएको छ । भू तथा जलाधार व्यवस्थापन कार्यलय सुर्खेतमा कार्यरत रहेका बेला भ्रष्टाचार गरेको भन्दै उनीमाथि अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

## सरकारले आफुलाई सबैतहबाट गल्ति गरेकै पुष्टि गरेमा सजाय भोग्न तयार : सांसद महतो



महोत्तरी १ बाट निर्वार्चित प्रतिनिधि सभा सांसद लक्ष्मी महतो असई थमन विक हत्या प्रकरणमा आफ्नो नाम मुछेर फसाएको बताएका छन् । मुद्दा झुटो रहेको र राज्यले जबर्जस्ती फसाउन खोजेको महतोको दाबी छ । उनले यो कदम फसाउने खालको र षड्यन्त्रकारी भएको समेत बताए । दश बर्षे जनयुद्धमा मारिएका ब्यक्तिहरुको न सरकारले चासो दिएको छ न त तिनका परिवारलाई राहात तथा मार्ने ब्यक्तिहरुलाई खोजेर कारवाहि गर्न सकेको छ । यस्तो अबस्थामा मधेसका एजेण्डा माथीको आन्दोलनमा असई थमन बिकको ज्यान जानुमा आफ्नो गल्ति नभएको महतो बताउँछन् । सरकारले जनयुद्धताका मारिएका ब्यक्तिहरुलाई मूल बिषय बनाउँदै औला उठाउने हो भने संकटकालमा गल्ति गर्ने सबैलाई खोजेर कारबाहि गर्नुपर्ने बताए । सरकारले आफुलाई सबैतहबाट गल्ति गरेकै पुष्टि गरेमा सजाय भोग्न तयार रहेको बताए ।

**को हुन् लक्ष्मी महतो**

लक्ष्मी महतो महोत्तरी क्षेत्र नम्बर-१ मा नेकपा एमालेबाट प्रतिनिधिसभामा निर्वाचित भएका सांसद हुन् । उनले नेकपा माओवादी केन्द्रका उम्मेदवार गिरिराजमणि पोखरेललाई हराएका थिए । महतोले सतारुढ पाँच दलीय गठबन्धनबाट उम्मेदवारी दिएका पोखरेललाई १ हजार ३० मतान्तरले पराजित गरे ।

बाल्यकालदेखि खरो रूपमा प्रस्तुत हुने महतो क्रान्तिकारी स्वभावका नेता हुन् । समाजसेवीको नामले समेत परिचित छन् उनी । ५८ वर्षीय लक्ष्मी तत्कालीन निगौल गाउँ विकास समिति गाविसका पूर्व अध्यक्ष समेत हुन् । लोकप्रियताको कारण नै उनी स्वतन्त्रबाट जितेका थिए । त्यसैले उनलाई धेरैले ग्रामीण भेगमा मुखियाजी भनेर चिनिन्छन् । सामान्य किसान परिवारमा जन्मेका उनी बुवा रामचन्द्र महतो र आमा निर्सी देवीका तीन छोरा मध्येका साइला हुन् । १० कक्षासम्म अध्ययन गरेका महतो खेतीपातीमै आमाबुबालाई सघाउँदै पछिल्लो समय व्यवसाय तिर लागे । १२ वर्षकै उमेरदेखि कुस्ती खेल्ने महतो आफूभन्दा १० गुणा बढी तागत भएका पहलवानलाई पनि हराउँथे ।

टिभी च्यानल हेरेर भारतीय स्वर्गीय क्रान्तिकारी नेता सुवासचन्द्र बोसको विचारबाट प्रभावित भएकै कारण ७ घण्टा साइकल चढेर भगत सिंह, सुकदेव सिंह, राजगुरु लगायतका क्रान्तिकारी नेताबारेमा बनेको फिल्म हेर्न भारतको सितामढी जान्थे ।

जनकपुरधामका मारवाडीबाट प्रभावित भएर उनी २०४९ सालमा आफ्नै गाउँ निगौलमा इट्टाभट्टा संचालन गरे । कक्षा १० मै पढ्दा नेपाल विद्यार्थी संघ नेविसंघमा आबद्ध भएका उनी विस्तारै राजनीतिमा पनि सक्रिय भए । २०४८ सालको प्रजातान्त्रिक आन्दोलनमा उनले सक्रिय भूमिका निर्वाह गरेका थिए । नेपाली कांग्रेसमा सक्रिय हुँदाहुँदै २०५४ सालको स्थानीय निर्वाचनमा पनि टिकट पाएनन् । समर्थकले उनैलाई चुनाव लड्न दबाब दिए । स्वतन्त्रबाट चुनाव लड्दा महतोले कांग्रेस, एमाले र राप्रपाका बलिया उम्मेदवारलाई हराए । बहुमत नहुँदा पनि गाविसमा उनले पाँच वर्षे कार्यकालमा ऐतिहासिक काम गरेका थिए । उनले गरिब विपन्न र समाजलाई परेको बेला आर्थिक सहयोग गर्नबाट कहिल्यै पछि परेनन् । झण्डै डेढ दर्जन सार्वजनिक दलान, मन्दिर, विद्यालय लगायतका भौतिक संरचना निर्माणमा आर्थिक सहयोग गरेको विवरण रहेको छ ।

महतोले २०७० सालको चुनावमा यहीँ क्षेत्रबाट आफ्नी श्रीमती रामकुमारी महतोलाई तत्कालीन सदभावना पार्टीबाट चुनाव लड्न सहयोग गरेका थिए । यद्यपी उनी पराजित भइन् । त्यतीबेला पराजित भएकी रामकुमारी २०७४ सालको स्थानीय निर्वाचनमा गौशाला नगरपालिकाको उममेयरमा लडिन् तर दोस्रो पटक पनि उनी झिनो मतले पराजय बेहोरिन् । गत स्थानीय तहको निर्वाचनमा भने उनका छोरा डा दिपेन्द्र महतो नगरपालिकाको मेयरमा विजयी भए । प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन नजिकि आएपछि महतोको लोकप्रियताकै कारण नेकपा एमालेले उनलाई टिकट दिएको थियो । फल स्वरुप उनी बिजयी भए ।

**कसरी भयो असई विकको हत्या ? र कसरी लाग्यो हत्याको आरोप ?**

असई विक तेस्रो मधेस आन्दोलन २०७२ मा मारिएका हुन् । महोत्तरीको जलेश्वरमा २०७२ भदौ २५ गतेको प्रदर्शनका क्रममा आन्दोलनकारी र प्रहरीबीच झडप भयो । झडपका क्रममा सशस्त्र प्रहरी बल जिल्ला कमाण्ड पोस्ट सुरक्षा बेस क्याम्प जलेश्वरमा कार्यरत असई विकलाई आन्दोलनकारीले नियन्त्रणमा लिएर कुटपिट गरी गम्भीर घाइते बनाएका थिए ।

घाइते विकलाई उद्दार गरी प्रहरी टोलीले उपचारका लागि जिल्ला अस्पताल जलेश्वरमा पुऱ्यायो । तर, त्यहाँ उपचार सम्भव भएन। त्यसपछि जनकपुर ल्याउने क्रममा सनोखडास्थित एम्बुलेन्सबाट थुतेर धान खेतमा उनको हत्या गरियो ।

घटनामा संलग्न रहेको भन्दै लक्ष्मी महतोसहित २८ जनामाथि मृतक असई विकका दाजु प्रेमबहादुर विकले जिल्ला अदालत महोत्तरीमा २०७२ भदौ २५ मा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरेका थिए । त्यतिवेला महतो मधेसी दलमा थिए ।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।

**धनुषाधाम नगरपालिका, धनुषा**

# जग्गाको वर्गीकरण नहुँदा कित्ताकाट रोक्का

**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, जनकपुर**

धनुषाका १८ पालिकामध्ये जनकपुर धाम उपमहानगरपालिका बाहेक अन्य पालिकाले जग्गाको वर्गीकरण नगरेका कारण कित्ताकाट रोकिएपछि सेवाग्राही मारमा परेका छन् ।

जनकपुरधाम उपमहानगर पालिकाले पनि १० भागमा जग्गाको वर्गीकरण गर्नुपर्नेमा कृषि तथा गैर कृषि (बसोबास) गरेर दुई भागमा वर्गीकरण गरि प्रतिवेदन दिएपछि कित्ताकाट शुरु भए पनि धनुषाको अन्य पालिकाहरूले वर्गीकरण गरेका छैनन् ।

नेपाल सरकारले कृषि योग्य जग्गा खण्डीकरण भएर मुलुकमा खाद्यान्न संकट सहितका अन्य विकासको कामकाज गर्नमा समस्या हुने अवस्था देखेर भू-उपयोग ऐन २०७६ तथा नियमावली २०७९ अनुसार जग्गालाई १० वर्गमा छुट्टाएर कित्ताकाटको व्यवस्था गर्न निर्देशन दिए पनि धनुषाका अधिकांश पालिकाले वर्गीकरण नगरेका कारण आम जनता समस्यामा परेका हुन् ।

जनकपुरधाम उपमहानगर पालिकाले जग्गाको वर्गीकरण गरेका कारण कृषियोग्य जग्गाको २ कट्ठा तथा घडेरी जग्गाको पौने आठ धुर सम्मको कित्ताकाट भइरहेको धनुषाका प्रमुख नापी अधिकृत सुमन किशोर मिश्रले बताउनुभयो ।

जिल्लाका अन्य १७ पालिकाले हालसम्म पनि जग्गाको वर्गीकरण नगरेका कारण कित्ताकाटको काम गत १ वर्षदेखि रोक्का रहेको उहाँले जानकारी दिनुभयो ।

भू-उपयोग ऐनको दफा ४ (१) अनुसार हरेक पालिकाले जग्गाहरूको वर्गीकरण गरी १० भागमा छुटाउनुपर्ने कानूनी व्यवस्था रहेको छ । कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यावसायिक, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, खोला-नाला-सिमसार क्षेत्र, सार्वजनिक उद्योग क्षेत्र, संस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र र नेपाल सरकारले आवश्यकता अनुसार तोकिएको क्षेत्र गरी वर्गीकरण गर्न स्थानीय तहलाई अधिकार दिइएको छ ।

भूमिसम्बन्धी ऐनले जग्गाको वर्गीकरण तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई नै दिएकाले स्थानीय तहले वर्गीकरण गरी आधिकारिक प्रतिवेदन पालिकाको बोर्डबाट पारित गरेर नापी विभागमा दर्ता नगरेसम्म आफूहरूले केही गर्न नमिल्ने प्रमुख नापी अधिकृत मिश्रले जानकारी दिनुभयो ।

# एउटै पालिकाका उपप्रमुखसहित चार जनप्रतिनिधि छानबिनमा तानिए

**खबर दर्पण समाचारदाता**

**माघ ९ गते, सप्तरी**

सप्तरीको डाकनेश्वरी नगर पालिकाका उपप्रमुखसहित चार जनप्रतिनिधि छानबिनमा तानिएका छन्। दुई वडाध्यक्ष त फरार नै छन् ।

नेपाल र भारत दुई देशको नागरिक रहेको उजुरी परेपछि नगरपालिकाकी उपप्रमुख मीराकुमारी यादवको नागरिकता जिल्ला प्रशासन कार्यालयले छानबिन गरिरहेको छ ।

वडा-२ का अध्यक्ष रहमान मियाँ सरकारी लिखतसम्बन्धी कसुर र नागरिकता किर्ते मुद्दामा गत पुस २४ मा पुर्पक्षका लागि कारागार चलान भएका छन् । जिल्ला अदालत सप्तरीको आदेशमा मियाँ चलान भएका हुन्। वडाध्यक्ष रहमानसहित २१ जनाले भत्ता वितरणमा सरकारी कागज र छाप किर्ते गरी एउटै व्यक्तिको नाममा दुईवटा नागरिकता नम्बर प्रचलनमा ल्याएर सामाजिक सुरक्षा भत्ता निकासा गरी ८३ लाख ४१ हजार १ सय ८ रुपैयाँ हिनामिना गरेको आरोपमा सप्तरी प्रहरीले दुई वर्षअघि जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।

मुद्दाको प्रक्रिया अघि बढेपछि फरार रहेका मियाँ गत वैशाख ३० मा भएको चुनावमा वडाध्यक्षमा विजयी भएका थिए । त्यसपछि उनी पक्राउ परेका हुन् ।

वडा-७ का वडाध्यक्ष शत्रुधन मण्डल जिल्ला अदालतले एक वर्ष कैद र २५ हजार रुपैयाँ जरिवाना तोकेपछि उनी फरार छन् । डाकनेश्वरी-७ की १८ वर्षीया युवतीले सामूहिक बलात्कारपछि २५ हजार रुपैयाँ लिएर गाउँमै मिल्न दबाब दिने पञ्चायती गरिएपछि आत्महत्या गरेकी थिइन्। सोही मामिलामा जिल्ला अदालतले तत्कालीन अवस्थामा पञ्चायतीमा संलग्न रहेका मण्डललाई पनि दोषी देखाउँदै गत पुस १८ मा सजाय तोकेको थियो ।

डाकनेश्वरी-३ का वडाध्यक्ष भागेश्वर यादव पनि फरार छन् । भारतीय युवालाई नेपाली नागरिकता बनाउन सिफारिस गरेको आरोपमा वडाध्यक्ष यादवमाथि अदालतबाट पक्राउ पुर्जी जारी भएको छ । प्रहरीले खोजी गरिरहे पनि उनी गाउँघरमा वडाध्यक्षकै भूमिकामा रहेको स्थानीयले बताए ।

# कुशवाहा जाति बारे विधावारिधि गर्न सफल भए कालेश्वर महतो



**दिवेशकुमार महतो**

**माघ ९ गते, ढल्केवर**

कुशवाहा जातिको ऐतिहासिक अध्ययन गर्नमा धनुषा निवासी कालेश्वर महतो पहिलो व्यक्तिको रुपमा आफ्नो नाम राख्न सफल भएको छ।

साविक गाविस नक्टाझिज,धनुषा निवासी कालेश्वर महतो हाल जनकपुरधाम उपमहानगरपालिका-१४ , मा बस्दै आएको र कुशवाहा जातिको ऐतिहासिक अध्ययन गरेर नेपालमै पहिलो व्यक्तिको रुपमा आफ्नो नाम राख्न सफल भएको छ।

पेसाले अधिवक्ता र हाल त्रिभुवन विश्वविद्यालयबाट इतिहास विषयमा पिएचडी समेत गरेको कालेश्वर महतोले कुशवाहा समाजको संगठन विस्तार देखि संगठन निर्माण गर्नमा उल्लेखनीय भुमिका निर्वाह गर्दै आएका थिए। उनले त्रिभुवन विश्वविद्यालयबाट मानविकी तथा समाजिक शास्त्र संकाय अन्तर्गत कुशवाहा जातिको ईतिहासमा डाक्टर अफ फिलोसोफी (पिएचडी) को लागि सबै कार्य सफलतापूर्वक पुरा गरेका छन्।

विसं २०६८ को जनगणना अनुसार अनुमानित ३ लाख ५० हजार कुशवाहा जातिको बसोबास नेपालमा रहेको छ। नेपालको दक्षिणी भेगमा पर्ने तराई मधेसमा कुशवाहा जातिको बसोबास अत्यधिक मात्रामा रहेको छ। साथै उपत्यका लगायत नेपाल भरि छरिएका सम्पुर्ण कुशवंसी समाजको उत्थान र इतिहासमा कुशवाहा जातिको योगदानलाई दर्साउन कालेश्वर महतोले कुशवाहा जातिको ऐतिहासिक अध्ययन गरेर सर्टिफिकेट प्राप्त गरेका हुन्।

# त्रिभुवन विमानस्थल आन्तरिक टर्मिनल प्रमुख चुँडाल घुससहित समातिए

**काठमाडौं**/त्रिभुवन विमानस्थल स्थित आन्तरिक टर्मिलन व्यवस्थापन प्रमुख पूर्णप्रसाद चुँडाल घुससहित पक्राउ परेका छन्।

उनलाई त्रिभुवन विमानस्थलस्थित आन्तरिक टर्मिनलको कार्यकक्षबाटै स्रोत नखुलेको रकमसहित पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीले बताए।

'विमानस्थल आन्तरिक टर्मिनल व्यवस्थापन प्रमुखलाई स्रोत नखुलेको रकमसहित पक्राउ गरेका छौँ', उनले भने, 'उक्त रकम घुस हुन सक्ने भएकाले अनुसन्धान भइरहेको छ। बरामद रकमबारे विस्तृत जानकारी दिनेछौँ।'




## सूचना !   सूचना !!!   सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

कमला सिंचाई व्यवस्थापन कार्यालय

पोर्ताहा, धनुषा



## शितलहरबाट बचौ र बचाऔ

शितलहरले तराई मधेशको मौसममा प्रतिकुल असर पारिरहेको र शितलहरसंगै चलेको चिसो हावाले जनजिवन प्रभावित गरिरहेकोले चिसोबाट सुरक्षित रहौ र परिवारका सदस्यहरुलाई सुरक्षित राखौ । चिसोको समयमा बृद्ध बृद्धा,रोगी,बालबालिका र गर्भवतीहरु झन जोखिममा हुन्छन ।उनीहरुलाई चिसोबाट जोगाउन विशेष सतर्कता अपनाऔ ।

➢समयमै न्यानो कपडाको जोहो गरौ ।
➢चिसोको समयमा बर बाहिर खुल्ला सनमा धेरै समय नविताऔ ।
➢घर वाहिर निस्कनु परेमा वा धेरै समय विताउनु परेमा पर्याप्त न्यानो कपडा साथमा राखौ ।
➢घर भित्र राति सुत्दा शरिरका साथै अनिवार्य रुपमा छाती र टाउको ढाक्ने गरौ ।
➢चिसो हावा चलेको समयमा आगो तापेर शरिरलाई न्यानो राख्ने गरौ ।
➢छाती र टाउकोलाई चिसोबाट जोगाऔ ।
➢चिसोको समय शरिरलाई चाहिने आवश्यक तातो खानेकुराहरु खाने वानीको विकास गरौ ।
➢तातो पानी पिईरहौ ।

**बर्दिवास नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा